# दुई बाली धान प्रवर्द्धन कार्यक्रम सञ्चालन प्राविधिक मापदण्ड तथा संचालन विधी, २०८२

**प्रस्तावना:** नेपालको प्रमुख खाद्यान्न बाली मध्य धान रहेको र सोको उत्पादन एवम् उत्पादकत्वको वृद्धि गरी Feed the nation campaign लाई सार्थक पार्न साथै खाद्य तथा पोषण सुरक्षाको अवस्थामा सुधार गर्ने उद्देश्यले दुईबाली धान प्रवर्द्धन कार्यक्रम कार्यान्वयनका लागि "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" को दफा ४ को उपदफा २ बमोजिम यो मापदण्ड तथा सञ्चालन विधि तयार गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** यो कार्यविधिको नाम "दुई बाली धान प्रवर्द्धन कार्यक्रम संचालन प्राविधिक मापदण्ड तथा संचालन विधी, २०८२" रहेको छ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "लाभग्राही" भन्नाले कृषि जन्य उत्पादन तथा बजारीकरणमा क्रियाशील रुपमा लागेका कृषक, संयुक्त कृषक, कृषि सहकारी, कृषि फर्म, कृषि उद्योग तथा कृषि समुह लाई सम्झनु पर्दछ।

ख. "आवेदन" भन्नाले यस कार्यक्रमको संचालन कार्यविधि बमोजिमको अनुदान प्राप्त गर्न पेश गर्ने प्रस्तावना लाई सम्झनु पर्दछ।

ग. "कार्यक्रम" भन्नाले दुईबाली धान प्रवर्द्धन कार्यक्रम अन्तर्गत एउटै जग्गामा वर्षभरीमा उत्पादन हुने चैते तथा वर्षे धान सम्झनु पर्दछ।

घ. "अनुदान" भन्नाले यस कार्यविधि अनुसार कार्यक्रम संचालनको लागी प्रदान गरिने आर्थिक सहयोग लाई सम्झनु पर्दछ।

ङ. "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशलाई सम्झनु पर्दछ।

च. "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय सम्झनु पर्दछ।

छ. "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतको जिल्ला स्थित कृषि ज्ञान केन्द्र सम्झनु पर्दछ।

ज. "संयुक्त कृषक" भन्नाले यस कार्यक्रम अन्तर्गत समुह/सहकारीमा आवद्ध नभएका दुई वा दुई भन्दा बढी कृषकहरुलाई सम्झनु पर्दछ।

३. **कार्यक्रमको उद्देश्य:** यस कार्यविधिको मूख्य उद्देश्य दुई बाली धानको उत्पादनमा बृद्धि गर्ने हो।

प्रदेश सचिव

४. प्रस्तावनामा समावेश हुने विषयगत क्षेत्रहरु: देहायको विषयमा प्रस्ताव पेश गर्न सकिनेछ।

(१) चैते तथा बर्षे धानको बीउ तथा सुक्ष्म पोषण तत्वमा अनुदान

(२) स्यालो ट्युबवेल/ विद्युतिय मोटर/सौर्य प्यानल निर्माण तथा जडान,

(३) गोदाम घर, Threshing/ Drying floor

(४) कृषि विद्युतिकरण

५. कार्यक्रम संचालन विधिः

(१) कार्यक्रम संचालनका लागि क्षेत्र निर्धारणः (क) कार्यालयले दुई बाली धान उत्पादन हुने स्थानीय तहरुको सहभागितामा आधारित दुई बाली धान उत्पादन कार्यक्रम संचालन सम्बन्धि एक दिने अभिमुखिकरण कार्यक्रम संचालन गर्ने छ। कार्यालयले अभिमुखिकरण कार्यक्रम संचालन पश्चात दफा ५(१(ख)) बमोजिमको क्षेत्र निर्धारण समितिले कार्यक्रम संचालन हुने पालिका/वडाहरु भित्रका कृषि सहकारी, कृषि उद्योग र कृषि फर्मको हकमा न्यूनतम २० हे.,कृषि समुहको हकमा न्यूनतम १० हे. क्षेत्रफल र कृषक/संयुक्त कृषकको हकमा न्यूनतम २ हे. भएको क्षेत्र निर्धारण गर्नेछ । क्षेत्र निर्धारण गर्दा देहाय बमोजिमको आधारहरुमा क्षेत्र निर्धारण गर्नुपर्ने छ।

- सिंचित क्षेत्र भएको वा निकट भविष्यमा सिंचाईको सुविधा हुन सक्ने।
- सडकको पहुँच भएको वा निकट भविष्यमा पहुँच हुन सक्ने।
- विद्युतको पहुँच भएको वा निकट भविष्यमा पहुँच हुन सक्ने।
- दुई बाली धान उत्पादन हुने क्षेत्र भएको वा सम्भाव्यता भएको ।
- दुई बाली धान उत्पादनको क्षेत्रफल विस्तारको सम्भावना भएको ।
- कृषि सामाग्री उत्पादन तथा उत्पादन पूर्वाधारको सहजता भएको ।
- सामुहिक खेतीको सम्भावना भएको।
- वजारीकरणको सम्भावना तथा बजार सुविधा भएको।
- क्रियाशील तथा सक्षम लाभग्राहीहरु भएको क्षेत्र ।

(ख) क्षेत्र निर्धारण समितिः (१) कार्यक्रमको उद्देश्य अनुसार कार्यक्रम संचालन गर्न देहाय अनुसारका एक क्षेत्र निर्धारण समिति हुनेछ ।

| | |
|---|---|
| (क) प्रमुख, कृषि ज्ञान केन्द्र | संयोजक |
| (ख) प्रतिनीधि, दुई बाली धान उत्पादन हुने सम्भावित स्थानीय तहको कृषि प्राविधिक | सदस्य |

प्रदेश सचिव

(ग) कार्यालय प्रमूखले तोकेको अधिकृत सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार दुईजना सम्म विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न वा आवश्यक परामर्श लिन सक्नेछ ।

(३) समितिले यस कार्यक्रम संचालन गर्न दुई बाली धान उत्पादन हुने सम्भावित पालिका,पालिक भित्रको वडा वा वडाको क्षेत्रको पहिचान गरि क्षेत्र निर्धारण गर्नेछ।

(२) **सूचना प्रकाशनः** कार्यालयले पन्ध्र दिनको म्याद दिई अनुसूची-२ बमोजिम सूचना प्रकाशन गरी इच्छुक लाभग्राहीहरुबाट अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव माँग गर्नेछ । उक्त म्याद भित्र पर्याप्त आवेदन पेश हुन नआएमा पुनः ७ दिनको म्याद थप गरी सूचना प्रकाशन गर्ने सकिनेछ र उक्त थप म्याद भित्र सम्म जतिसुकै सँख्यामा प्रस्ताव संकलन भए पनि कार्यक्रम संचालन गर्न बाधा पुग्ने छैन।

६. **प्रस्तावना मुल्यांकनः** (१) कार्यक्रमको उद्देश्य अनुसार पेश भएका आयोजना प्रस्तावहरुको मूल्याँकनका लागि देहाय अनुसारका एक प्रस्तावना मुल्यांकन समिति हुनेछ ।

(क) कार्यालय प्रमुख वा कार्यालय प्रमुखले तोकेको अधिकृत संयोजक

(ख) कृषि विकास निर्देशनालयको प्रतिनिधि सदस्य

(ग) कार्यक्रम हेर्ने प्राविधिक कर्मचारी सदस्य सचिव

(२) मूल्याङ्कन समितिले आवश्यकता अनुसार २ जनासम्म विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) प्रस्तावना मूल्याङ्कन गर्दा प्रस्तावित क्रियाकलापको अपेक्षित उद्देश्यसँग सम्वन्धी भए/नभएको हेरी क्रियाकलाप अनुसारको परियोजनाको कूल लागत अनुमान सहित मूल्याङ्कन गर्नु पर्नेछ। प्रस्ताव मूल्याङ्कनका थप आधारहरु आवश्यक भए समिति आफैले तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराई मूल्याङ्कन गरी लाभग्राहीको नामावलीको अन्तिम स्वीकृतीको लागि कार्यालय प्रमूख समक्ष सिफारिस गर्नेछ।

(४) मूल्याँकन भई सिफारिस सहित पेश भएको प्रस्तावनाको क्रियाकलाप अपेक्षित उद्देश्यसँग सम्वन्धीत भए/नभएको आदि हेरी क्रियाकलाप तथा बजेट समेतको अध्ययन विश्लेषण गरी परियोजनाको कुल लागत अनुमान सहित परियोजना तथा बजेट कार्यालय प्रमुखले स्वीकृत गर्नेछ।

(५) छनौट भएका लाभग्राहीहरुको सूची कार्यालयले प्रकाशित गर्नेछ।

(६) छनौट सूचीमा परेका लाभग्राहीलाई कार्यक्रम संचालनको लागि अनुसूची-०४ बमोजिमको ढाँचामा प्रतिवद्धता पत्र तथा अनुसूची-०५ बमोजिम सम्झौता गरी कार्यदिश दिनेछ।

प्रदेश सचिव

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

७.चैते तथा वर्षे धानको बिउ तथा सुक्ष्म पोषक तत्वमा अनुदानः (१) धान उत्पादनमा वृद्धि गर्न दुईबाली धान प्रवर्द्धन कार्यक्रम अन्तर्गत यस कार्यक्रमका लागि छनौट भएका लाभग्राहीहरुले बर्षे धान खेतीको लागी अनुसूची-०१ बमोजिमको धानको जातका बीउहरुको माँग गरि कार्यालयमा पेश गर्नुपर्नेछ। तर चैते धान खेतिको लागी अनुसूची-०१ लगायत अन्य सुचीकृत भएका धानको बीउहरु समेत माँग गरी कार्यालयमा पेश गर्न सकिनेछ। साथै लाभग्राहीहरुको माग, आवश्यकता र औचित्यताको आधारमा धान उत्पादन वृद्धिका लागी सुक्ष्म पोषक तत्वमा समेत अनुदान प्रदान गर्न बाधा पुग्ने छैन ।

(२) कार्यालयले धानको बीउको जातहरुको परिमाण यकीन गरी लागत अनुमान तयार गरी सकेसम्म नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व रहेको बीउ उत्पादन गर्ने फर्म कम्पनीबाट सिधै खरिद गर्ने छ ।

(३) सरकारी स्वामित्व भएको फर्म/कम्पनीहरुवाट बीउ उपलब्ध नभएको खण्डमा धानको बीउ उत्पादनकर्ता, बिक्री वितरणकर्ताहरुबाट खरिद गर्न सकिनेछ ।

(४) निजी क्षेत्रका बीउ बिजन आपुर्तिकर्ताबाट बीउ खरिद गर्न लाभग्राहीले माँग गरेको जातहरुको प्राविधिक मानक तथा लागत अनुमान तयार गरी कार्यालय प्रमुखसँग स्वीकृत गराउनुपर्ने छ। कार्यालयले निर्धारण गरेको धानका जातहरुको आपूर्तिको लागि कम्तीमा १५ दिने सूचना प्रकाशित गरिनेछ।

(५) बीउ बिजन आपुर्तिकर्ताबाट रितपूर्वक दर्ता भएका प्रस्तावहरुको दफा ६ बमोजिमको मूल्याङ्कन समितिले मूल्याङ्कन गरि धानका जातहरुको एकै खाले कम्पनीको उत्पादन तथा स्पेशिफिकेशनको आधारमा समुहकृत गरी, उक्त समूहमा सबै भन्दा न्यूनतम् मूल्यलाई आधार मानी अनुदान रकम तोक्ने तथा सुचिकृत गर्नेछ र प्रस्तावमा पेश भएका धानका जातहरु समूहकृत गर्न नमिलेको अवस्थामा पेश गरेमा सोही दरलाई न्यूनतम् मूल्य आधार मानी अनुदान रकम तोक्ने तथा सुचिकृत गर्नुपर्नेछ।

(६) मौजुदा सूचीमा रहेका आपूर्तिकर्ता मध्येवाट आफनो स्वेच्छाले रुचाएको जातका बीउहरु खरिद गर्न कार्यालयमा अनुरोध गर्दा कार्यालयले त्यसरी खरिद गर्न अनुमती दिन सक्नेछ र यसरी खरिद गरेको बीउको बिल भरपाई सहित कार्यालयमा पेश गरी अनुदान वापतको रकम भुक्तानी माँग गर्दा कार्यालयले अनुगमन गरी अनुदान रकम भुक्तानी गर्न सक्नेछ।

८. स्यालो ट्युबवेल/विद्युतिय मोटर/सौर्य प्यानल निर्माण तथा जडानः (क) कार्यालयले निर्धारित क्षेत्रमा सिंचाईको आवश्यकता निर्धारण गरे,सो कार्यको लागि स्यालो ट्युबवेल/विद्युतिय मोटर जडान गर्ने सक्नेछ ।

प्रदेश सचिव

CS CamScanner

(ख) विद्युतिय सुविधा नभएको ठाउँमा कार्यालयले सौर्य प्यानल जडान गरी भूमिगत सिंचाई सञ्चालन गर्न सक्नेछ ।

९. **गोदाम घर, Threshing/ Drying floor, drier** : यस कार्यक्रम अन्तरगत लाभग्राहीहरुले उत्पादन गरेको धान नेपाल सरकारले तोकेको न्युनतम समर्थन मुल्यमा खरिद गर्ने प्रतिवद्धता गर्छ भने सो कृषि सहकारी, कृषि फर्म, कृषि उद्योग तथा कृषि समुह लाई गोदाम, Threshing/ Drying floor, drierको लागि अनुदान उपलब्ध गराउन सकिनेछ। भौतिक संरचना निर्माणको हकमा सम्बन्धित प्राविधिकबाट प्राविधिक स्पेशिफिकेशन तयार गराई कार्यालय प्रमुखबाट स्विकृत भए बमोजिम क्रियाकलाप संचालन गर्नुपर्नेछ।

१०. **कृषि विद्युतिकरणः** (क) अनुदानग्राहीको माँग, आवश्यकता र औचित्यताको आधारमा कार्यालयले छनौट भएको क्षेत्रमा विद्युतिकरण आवश्यक रहेको ठहर गरेमा मुख्य प्रशारण लाईनको अधिकतम १ कि.मि दुरीसम्म नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा कृषि विद्युतिकरण गर्न सकिनेछ ।

(ख) तर १० (क) बमोजिम कृषि विद्युतिकरण को लागि न्यूनतम ५ हे. क्षेत्र खेति योग्य भएको हुन पर्नेछ ।

११. **अनुदानको अधिकतम सिमाः** यस कार्यक्रम अन्तर्गतको प्रस्ताव स्वीकृत गर्दा "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" मा व्यवस्था भए बमोजिम क्रियाकलाप अनुसार अनुदानको अधिकतम सिमा कायम हुनेछ ।

१२. **अनुगमन तथा प्रतिवेदनः** कार्यक्रमको उदेश्य अनुरुप कार्य सम्पादन तथा उपलब्धि सम्वन्धमा मन्त्रालय, निर्देशनालय तथा कार्यालयवाट अनुगमनको व्यवस्था मिलाइनेछ।

१३. **संशोधनः** मन्त्रालयले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

१४. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि वमोजिम हुने र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रदेश सचिव

## अनुसूची-१

दफा ७ को उपदफा (१) सँग सम्बन्धित

| क्र.सं. | जात | कैफियत |
|---|---|---|
| १. | ललका बासमती | बास्नादार |
| २. | शुद्धोधन कालानमक | बास्नादार |
| ३. | एच.एच.१ | बास्नादार |
| ४. | साँवा मंसुली सब १ | मसिनो |
| ५. | हर्दिनाथ-६ | मसिनो |
| ६. | हर्दिनाथ-३ | मसिनो |
| ७. | रामधान | मसिनो |
| ८. | सुख्खा-३ | मसिनो |

प्रदेश सचिव

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

अनुसूची–२

दफा ५ को उपदफा (२) सँग सम्बन्धित

## दुई बाली धान प्रवर्द्धन कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८...... /..../.....

यस कार्यालयको ..................................., को चालु आ. व............. को स्वीकृत कार्यक्रम अनुसार दुई बाली धान प्रवर्द्धन कार्यक्रम रहेको हुंदा सो कार्यक्रम सञ्चालन गर्न ईच्छुक लाभग्राहीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र परियोजना प्रस्ताव सहित तपसिल अनुसारको कागजातहरु सहित निवेदन पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

(१) निवेदन पत्र (आवेदन फारम):तोकिएको ढाँचामा भरिएको निवेदन।

(२) प्रस्तावः प्रस्तावित कार्यक्रमको उद्देश्य, कार्ययोजना, अनुमानित बजेट, अपेक्षित परिणाम लगायतका विवरणसहित।

(३) नागरिकताको प्रतिलिपिःनिवेदकको प्रमाणित प्रतिलिपि।

(४) स्थानीय तहको सिफारिस पत्र (पालिका/वडा कार्यालयबाट)

(५) भूमि स्वामित्व प्रमाणपत्रको प्रतिलिपि वा कृषियोग्य जमिन भोगचलनको प्रमाण (वैकल्पिक रूपमा):

प्रदेश सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, नेपाल

अनुसूचि-३

दफा ५ को उपदफा (२) सँग सम्बन्धीत

## प्रस्तावको ढाँचा

| क. लाभग्राहीको संक्षिप्त विवरण | |
|---|---|
| १) नाम, थर :<br>ठेगानाः जिल्ला -<br>गा.पा/न.पा-<br>वडा नं. - टोल -<br>सम्पर्क मोबाईल नं.<br>ईमेल - | २) प्रस्तावको किसिमः कुनै एकमा(✓) चिन्ह लगाउने।<br>क) कृषक/संयुक्त कृषक ☐<br>ख) कृषक समूह/संस्था ☐<br>ग) कृषि व्यवसायममा संलग्न सहकारी ☐<br>घ) कृषि फर्म ☐<br>ङ) कृषि क्षेत्रमा काम गर्ने उद्योग/कम्पनि ☐ |
| ३) संस्थाको दर्ता प्रमाणपत्र नं:-<br>भ्याट/पान नं:- | दर्ता भएको निकाय :<br>दर्ता मितिः |

ख. प्रस्तावको संक्षिप्त विवरण

पृष्ठभुमि (वर्तमान अवस्थाको विवरण तथा औचित्य खुलाउने):-

उद्देश्य-:

स्थलको विवरण

कार्यक्रम संचालन हुने जग्गाको अवस्था

| ठेगानाः | जग्गाको स्वामित्वको किसिम निजि/करार | जग्गाको क्षेत्रफल (कठ्ठा) | जग्गाको सुरक्षा अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |

७.२ सम्भव भए परियोजना संचालन हुने स्थलको जिपिएस कोडः

७.३ यस भन्दा पहिले अनुदान प्राप्त भएको छ छैनः

अनुदान प्राप्त भएको छ भने सोको विवरण :

| अनुदान प्राप्त गरेको बर्ष | के को लागि प्राप्त भएको | कति रकम | कुन संस्थाबाट प्राप्त भएको |
|---|---|---|---|
| | | | |

प्रस्तावबाट लाभान्वित हुने लक्षित समुदायको घरधुरी सख्या

प्रदेश सचिव

| पुरुष | महिला | दलित | जनजाती | मुस्लिम | अन्य |
|---|---|---|---|---|---|
| | | | | | |

लागत अनुमान :-

प्रस्तावित परियोजनाको लागी उपलब्ध पूर्वाधार/श्रोत :-

क) मेशिनरी तथा औजारको विवरण (किसिम तथा क्षमता)-

ख) सिचाई/पानिको उपलब्धता तथा श्रोत सम्बन्धी विवरणः-

ग) सडकको पहुँच र बिद्युतिकरण सम्बन्धी विवरणः-

घ) अन्य भौतिक पूर्वाधारहरुको उपलब्धता विवरणः-

परियोजना समपन्न भएपछिका अपेक्षित उपलब्धीहरु (बुदाँगत रुपमा सम्भव भए परिमाण समेत खुलाउनेः-

| सि.न. | प्रस्तावित क्रियाकलाप अनुसारको आवाश्यक सेवा र सामाग्रीहरु | परिमाण | प्रति इकाई दर | कुल जम्मा रकम रु. | सहभागिता रकम रु. | अपेक्षित अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रदेश सचिव

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

अनुसूची –४

दफा ६ को उपदफा (६) सँग सम्बन्धित

# प्रतिवद्धता पत्र

.........................................को मिति.................को सूचना अनुसार दुई बाली धान प्रवर्द्धन कार्यक्रमका सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको छु/छौं । यस आ.व. भन्दा अगाडि यस कार्यक्रमको प्रकृतिसँग मिल्दोजुल्दो कार्यहरुको लागि अन्य कुनै पनि निकायबाट कुनै किसिमको अनुदान प्राप्त गरेको छैन र यस कार्यक्रमबाट प्राप्त गर्ने अनुदान कार्यक्रमको उद्देश्य अनुसारको कार्यको लागि मात्र प्रयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछु/छौं। यस प्रतिवद्धता पत्रमा उल्लेखित व्यहोरा हरतरहले ठीक साँचो हो। झुठा ठहर भएमा प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला।

लाभग्राहीको तर्फबाट

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.

दस्तखतः

मितिः

छापः

| दाँया | बाँया |
|---|---|
| | |

प्रदेश सचिव

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

## अनुसुची -५

## दफा ६ को उपदफा (६) सँग सम्बन्धित

## सम्झौता-पत्र

श्री ..................................................... (यस पछि प्रथम पक्ष भनिने) र ...................... जिल्ला...................... पालिका वडा नं........ को श्री ...................... (यस पछि दोश्रो पक्ष भनिने) बीच सहकार्यमा आ.व. २०८..../..... को दुई बाली धान प्रवर्द्धन कार्यक्रममा मधेश प्रदेशको ........................जिल्ला.............................. पालिकाको वडा नं...............मा सञ्चालन गर्न तपसिल बमोजिमका शर्तका अधिनमा रही यो सम्झौता-पत्रमा हस्ताक्षर गरी लियौं/दियौं ।

तपसिल:

१. यो सम्झौता, सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. दोस्रो पक्षले यो कार्यक्रम सञ्चालनका लागि स्वीकृत प्रस्ताव तथा लागत ईष्टिमेट अनुसार कार्य गर्नु पर्नेछ। सम्झौता बोजिमको कार्यक्रम मिति...............साल.................महिना..............गते सम्म सम्पन्न गरी आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष भुक्तानीको लागि पेश गर्नु पर्नेछ ।

३. दोस्रो पक्षले स्वीकृत लागत इष्टिमेट अनुसार................... कार्य गरेको हुनु पर्ने छ। यसरी कार्यक्रमको कुल लागतको बढीमा ....... प्रतिशतले हुन आउने रु. .................अक्षेरुपी ........................... रकम अनुदान स्वरुप पहिलो पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने छ ।

४. सम्झौता भएको मितिले १५ दिन भित्र लागत ईष्टिमेट अनुसार कार्य शुरु गरिसक्नु पर्नेछ ।

५. दोश्रो पक्षले कार्यक्रम सञ्चालन भएको स्थानमा अनुदान रकम र लागत साझेदारी सहितको विस्तृत विवरण झल्किने गरी सबैले देख्ने स्थानमा होडिङ बोर्ड राख्नुपर्नेछ ।

६. आयोजना समपन्न भई हस्तान्तरण भईसकेपछि सोको सम्बन्धित सम्पुर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ।

७. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै बिबाद आएमा प्रथम पक्षको निर्णय नै अन्तिम मानिनेछ ।

८. दोश्रो पक्षद्वारा बदनियतपूर्ण तरिकाले जानीजानी वा अन्जानमा भए पनि नियमानुसार प्राप्त गरेको सरकारी अनुदान दुरुपयोग भएको ठहर भएमा प्रचलित कानुन बमोजिम दण्ड/सजाय भोग्नु पर्नेछ।

९. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम लागू हुनेछ ।

| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| नाम, थर: | नाम, थर: |
| पद: | पद: |
| कार्यालयको नाम र छाप: | संस्थाको नाम र छाप : |
| मिति: | मिति: |
| साक्षीहरु | साक्षीहरु |

प्रदेश सचिव